

# Mainstreaming livelihood centered approaches to disaster risk reduction

## Practical Action in Nepal

Practical Action was founded in 1966 by Dr. E F Schumacher the author of "Small is Beautiful." Practical Action is an international non-government organisation registered as a charity in the UK with country and regional offices in Bangladesh, Nepal, Sri Lanka, Peru, Kenya, Sudan, and Zimbabwe. Practical Action develops and promotes appropriate technology to uplift the livelihoods of poor people. Practical Action globally works in four International Programme Aims namely - Reducing vulnerability, Making markets work, Improving access to basic services, system and structures, and Responding to new technologies.

In Nepal, Practical Action is operating through a General Agreement and separate Project Agreements with the Social Welfare Council of the Government of Nepal.

## Mainstreaming livelihood centered approaches to disaster risk reduction



The project focuses on the roles and linkages between vulnerable communities, district and national level government institutions and humanitarian agencies with regard to disaster preparedness and mitigation. Community based approaches tend to be small-scale, location-specific, and operate in isolation compared to wider national initiatives. The issue usually fails to be considered in wider development planning because the local level environmental conflict and other hazards are not incorporated into the national plans. Thus community based approaches need to be scaled up and linked to wider national agendas and institutional structures. While communities may be able to cope under normal circumstances, at times of extreme crisis they need access to external resources and expertise. As poor local communities are worst affected and likely to suffer most from the impact of stress and hazards, Practical Action has focused on building the resilience of these communities.

The project activities are implemented in three VDCs of Nawalparasi District - Pragatinagar, Devchuli and Divyapuri and two VDCs of Chitwan District - Meghauli and Patihani. The project is funded by the Conflict and Humanitarian Fund (CHF) of the UK Department for International Development (DFID).

## Project goal

Contribute to national poverty reduction through disaster risk reduction.

## Project methodology

The mainstreaming livelihood centered approaches to disaster management project has two main components:

1. Community level activities in both planning and implementation phase which reduces the impact of particular hazards by increasing livelihood opportunities, increasing resilience, reducing vulnerability and promoting preparedness
2. Linking community based experiences with district and national level institutions through exposure, advocacy and capacity building. The impact of community's activities are documented and used to promote the adoption of livelihood approaches to disaster management in government institutions

**Expected outputs:** The project is implementing various activities to achieve the stated objectives under four outputs.

**Output 1:** Model for livelihood centered approach to DRR developed and tested

- Improve water availability for irrigation by improving irrigation channels, constructing reservoirs and installing shallow tube wells
- Improve farming practices, livestock rearing practices, land use patterns and embankments
- Introduce improved seeds, breeds and varieties
- Improve cattle sheds and promote health status of livestock
- Support for fencing to prevent wildlife intrusion
- Facilitate formation of VDC level Disaster Management Committees (DMCs) in project location districts
- Skills development on different on and off-farm income generating activities and other livelihood related aspects through training and input support
- Facilitate the preparation of VDC level Community Based Disaster Management Plans

**Output 2:** Resource materials on mainstreaming livelihood centered approaches to disaster management prepared

- Produce booklets, leaflets and posters covering the case studies, success stories and good practices of the project and compile relevant approaches and methods for the formulation of training materials and guidelines.

**Output 3:** Lessons learnt from the project shared with different stakeholders' including humanitarian agencies and policy makers

- Produce policy briefing and position paper based on the learning from the project initiatives
- Disseminate project lessons to different development agencies and policy makers working in the area of disaster management through different networks, media and forums

**Output 4:** Policy makers influenced to adopt livelihood centered approach to disaster management

- Support DMCs, Village Development Committees (VDCs) and District Development Committees (DDCs) to initiate integrated approaches in development and disaster risk reduction strategies and influence national and international level policy makers on livelihood centered approaches to disaster risk reduction.

## Project partners

MADE Nepal and SAHAMATI are the implementing partners in Chitwan and Nawalparasi Districts respectively. DDCs, VDCs, local communities and Community Based Organisations (CBOs) collaborate in various initiatives to the extent of their scope.

DFID Department for International Development

MADE Nepal

SAHAMATI

PRACTICAL ACTION Technology challenging poverty

PRACTICAL ACTION NEPAL OFFICE
Pandol Marga, Lazimpat | PO Box 15135 | Kathmandu, Nepal
Tel: +977 1 4446015/4434482 | Fax: +977 1 4445995
Email: info@practicalaction.org.np | Web: www.practicalaction.org/nepal



# जीविकोपार्जन केन्द्रित प्रकोप जोखिम न्यूनीकरण पद्धति

## पृष्ठभूमि

कमजोर भू-बनोट, भौगोलिक बिषमता तथा मौसमी उतार चढावका कारण नेपाल विभिन्न प्रकोपहरूको जोखिममा रहेको छ। बढ्दो जनसंख्या र बसोबासको उचित व्यवस्थापन र दिगो विकास हुन नसक्दा प्रकोपहरूको क्षति धेरै हुन्छ। बाढी, पहिरो तथा सुख्खा जस्ता संकटहरू नेपालमा बर्षेनी भई रहेका पाइन्छन् जसको कारणले विभिन्न समयमा विभिन्न स्थानहरूमा मानव जीवन कष्टकर हुन गई प्रकोपको स्थिति सृजना हुनजान्छ। बाढी, पहिरो, आगलागी, हुरी-बतास, असिना, तथा खडेरी जस्ता संकटहरूले एक्कासी वा बिस्तारै जनजीवनमा प्रकोपको स्थिति ल्याइरहेका छन्। यस्ता संकटहरूबाट सृजना भएका प्रकोपका बहुगामी असरहरू हुन्छन्। प्रकोप घटनाहरूमा मानिसको ज्यान जाने, घाइते हुने, सडक तथा पूल जस्ता भौतिक संरचनाहरू नष्ट हुने, जमिन कटान हुने, खेतीबाली नष्ट हुने एवं घरपालुवा जनावरहरूको मृत्यु हुने जस्ता तत्कालिन असरहरू हुन्। प्रकोपबाट पीडित व्यक्ति, परिवार तथा समुदायलाई दीर्घकालिन रूपमा आर्थिक, सामाजिक तथा मनोवैज्ञानिक असरहरू पर्दछन् जसले अन्ततः गरिबी बढाई राष्ट्रिय अर्थतन्त्र, विकास तथा स्थायित्वमा पनि ठूलो असर पर्दछ।

## जीविकोपार्जन केन्द्रित प्रकोप जोखिम न्यूनीकरण पद्धति

रुयोगो कार्ययोजना (२००५(२०१५) ले प्रकोप जोखिम न्यूनीकरण, दिगो विकास तथा गरिबी निवारणबीचको अन्तर्सम्बन्ध तथा प्रकोपको रोकथाम र सामना गर्न सक्षम हुन सबै तह र क्षेत्रका समुदायको क्षमता बिकासको आवश्यकतामा जोड दिएको छ। प्रकोपबाट स्थानीय गरिब र बिपन्न समुदाय सबैभन्दा बढी प्रभावित हुने तथा यस्तो समुदायको जीवनयापनमा दीर्घकालिन असर पर्ने स्थितिलाई मध्यनजर गरी यो पद्धति प्रकोप जोखिम न्यूनिकरणका साथै सङ्कटाभिमुख समुदायको प्रकोप सामना गर्नसक्ने क्षमता बृद्धि गर्ने रणनीतिहरूमा केन्द्रित हुन्छ।

समुदायमा आधारित पद्धतिहरू सानो स्केलका र स्थान बिशेषको परिस्थितिमा केन्द्रित हुने गर्दछन्। सानो समुदायमा स्थानीय वातावरण, सामाजिक-आर्थिक समस्या तथा अन्य संकटहरूबाट सिर्जित प्रकोपहरू बृहत राष्ट्रिय स्तरका योजनाहरूमा नसमेटिएका हुनसक्छन्। तसर्थ समुदायमा आधारित पद्धतिहरूलाई बिस्तारै प्रतिस्थापन गरी राष्ट्रिय प्राथमिकता र संस्थागत संरचनाहरूसँग जोडेर बृहतरूपमा हेर्न जरुरी देखिन्छ।

यी बिषयहरूलाई आत्मसात गरी संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय बिकास बिभाग (DFID) अन्तर्गतको द्वन्द्व एवं मानवीय कोष (CHF) को आर्थिक सहयोगमा प्राक्टिकल एक्शनले नेपाल, बंगलादेश, श्रीलंका, जिम्वावे र पेरुमा सन् २००६ देखि २०१० सम्म जीविकोपार्जनमा आधारित प्रकोप जोखिम न्यूनीकरण पद्धतिसम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेको छ। यो आयोजना प्रकोपको रोकथाम र प्रभाव निराकरण गर्ने सम्बन्धमा प्रभावित समुदायहरू, स्थानीय निकायहरू तथा राष्ट्रिय संघ संस्थाहरू एवं मानवीय सहयोगको क्षेत्रमा काम गर्ने निकाय, संघसस्था एवं नियोगहरूबीचमा प्रकोप पूर्वतयारी र रोकथाममा तिनको भूमिका र सम्बन्धमा केन्द्रित रहको छ।

## आयोजनाको लक्ष्य

नेपालको सन्दर्भमा यस आयोजनाको लक्ष प्रकोप जोखिम न्यूनीकरण मार्फत राष्ट्रिय गरिबी न्यूनीकरणमा योगदान दिनु हो।

## आयोजनाका अपेक्षित उपलब्धिहरू

- जिल्ला तथा राष्ट्रिय बिकास योजनाहरूमा समुदायमा आधारित प्रकोप व्यवस्थापन पद्धतिलाई समावेश गर्न जिविकोपार्जन पद्धतिहरूमा आधारित प्रकोप जोखिम न्यूनीकरणका उपायहरू नमूनाको रूपमा विकास तथा परिक्षण गरिएको हुनेछ।
- प्रकोप जोखिम न्यूनीकरणका लागि जीविकोपार्जन केन्द्रित पद्धतिको स्रोत सामग्रीहरू र नीतिगत सुझावहरू विकास गरिएको हुनेछ।
- आयोजनाका सिकाईहरूबाट जानकारीमूलक सामाग्रीहरू तयार गरी बिभिन्न सरोकारवालाहरू तथा नीति निर्माताहरूसँग आदानप्रदान गरिएको हुनेछ।
- स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहका नीति निर्माताहरू जीविकोपार्जन केन्द्रित प्रकोप जोखिम न्यूनीकरण पद्धति अवलम्बन गर्न अग्रसर हुनेछन्।

## कार्यान्वयन प्रक्रिया

यस आयोजनाको मुख्य दुई वटा कार्यान्वयन प्रक्रियाहरू छन्।

१. समुदायको जीविकोपार्जन अवसरहरू वृद्धि गर्ने, संकटाभिमुखता न्यूनीकरण गर्ने तथा पूर्वतयारीका क्रियाकलापहरू स्थानीय स्तरमा योजना तथा कार्यान्वयन गर्ने जसले स्थानीय स्तरमा भएको विशिष्ट प्रकोप जोखिम वा तिनको प्रभाव न्यूनीकरण गर्दछ।
२. आयोजनाका सिकाई तथा अनुभवहरू जिल्ला तथा राष्ट्रिय स्तरका सरोकारवालाहरूसँग आदानप्रदान गर्ने र जिविकोपार्जन केन्द्रित पद्धतिलाई सम्बन्धित निकायहरूले अवलम्बन गर्न प्रोत्साहन गर्ने।

## आयोजनाको कार्यक्षेत्र

यो आयोजनाका समुदायमा आधारित क्रियाकलापहरू नवलपरासी जिल्लाको तीन गाविसहरू (प्रगतिनगर, देवचुली र दिव्यपुरी) र चितवन जिल्लाको दुई गाविसहरू (मेघौली र पटिहानी) मा सञ्चालन भइरहेका छन्।

## आयोजनाका केही क्रियाकलापहरू

### अपेक्षित उपलब्धि १

- खडेरीबाट हुने समस्या निराकरणका लागि सिँचाई कुलो सुधार, पानी संकलन गर्ने पोखरी निर्माण तथा स्यालो ट्युब-वेल निर्माण गरी उपलब्ध जलस्रोतमा जोखिममा रहेका समुदायको पहुँच बढाउने।
- कृषि पद्धति, पशुपालन पद्धति, भू-उपयोग तथा जलाधार सुधारका क्रियाकलापहरू सञ्चालन गर्ने।
- उन्नत बीउ तथा पशु उपलब्ध गराउने साथै प्राविधिक सीप दक्षता अभिबृद्धि गर्ने।
- पशु स्वास्थ्यका लागि खोर सुधार प्रोत्साहन गर्ने।
- स्थानीय निकायहरूलाई समुदायमा आधारित प्रकोप व्यवस्थापन योजना तयार गर्न सहयोग गर्ने।
- जंगली जनावरहरू गाउँ, खेतमा पस्न नदिन बिद्युतिय तारबार गर्न सहयोग गर्ने।
- गाविस स्तरीय प्रकोप व्यवस्थापन समिति स्थापना गर्न सहजीकरण गर्ने।
- बिभिन्न कृषिजन्य तथा गैरकृषिजन्य आयआर्जनका क्रियाकलापहरू एवं अन्य जीविकोपार्जनका उपायहरूमा समुदायको सीप विकास गर्न तालिमहरू सञ्चालन गर्ने।

### अपेक्षित उपलब्धि २

- आयोजनाको सफलता तथा हासिल गरेका उपलब्धिहरू बिभिन्न लेख रचनाका रूपमा प्रकाशन गर्ने, सिकाईका आधारमा आवश्यक तालिम पुस्तिका तथा दिग्दर्शनहरू तयार गर्ने।

### अपेक्षित उपलब्धि ३

- नीतिगत सुधारका लागि आवश्यक जानकारी पत्रहरू तयार गर्ने तथा स्थानीय तथा राष्ट्रिय स्तरका नीति निर्माताहरूसँग आवश्यक छलफल अन्तरक्रिया गर्ने।

### अपेक्षित उपलब्धि ४

- आयोजनाका सिकाईहरू बिभिन्न माध्यमबाट प्रकोप व्यवस्थापनमा कार्यरत बिभिन्न संस्थाहरू, नीति निर्माताहरू, मिडिया तथा अन्य सम्बन्धित सरोकारवालाहरू माझ पुऱ्याउने।

## आयोजना साझेदार संस्थाहरू

चितवन जिल्लामा "मेड नेपाल र नवलपरासीमा "सहमति" स्थानीय साझेदार संस्थाहरू हुन्। साथै कामको प्रकृतिको आधारमा सम्बन्धित जिल्ला विकास समितिहरू, गाविसहरू, गैससहरू, समुदायमा आधारित संस्थाहरू तथा स्थानीय बासिन्दाहरूसँग साझेदारी भइरहेको छ।

मेड नेपाल सहमति

**प्राक्टिकल एक्शन नेपाल कार्यालय**
पण्डोल मार्ग, लाजिम्पाट | पो. ब. नं. १५१३५ | काठमाडौं, नेपाल
फोन ९७७-१-४४४६०१५/४४३४४८२ | फ्याक्स् ९७७-१-४४४५९९५
इमेल info@practicalaction.org.np | वेब http://www.practicalaction.org/nepal